काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं प्लाजा, काठमाडौं, वागमती प्रदेश, नेपाल

नेपाली युवाका नजरमा येँःया (इन्द्रजात्रा)

## वृत्तचित्र तथा छोटो भिडियो प्रतिस्पर्धाका लागि आव्हान

येँःया (इन्द्रजात्रा) काठमाडौंमा धुमधाम मनाइन्छ । जीवन्त र प्राचीन यो जात्रा राष्ट्रिय पर्वका रुपमा मनाइन्छ । वर्षा र समृद्धिका देवता इन्द्रसँग यो जात्रा सम्बन्धित छ । जात्रा सञ्चालनका लागि नेवार समुदायका विभिन्न गुठी र खलपुचका सदस्यहरुले स्वतस्फूर्त काम गर्छन् । हिन्दू र बौद्ध धर्माबलम्बीहरुले एकै ठाउँमा धार्मिक तथा सांस्कृतिक अनुष्ठान गर्नु यो पर्वले प्रदर्शन गरेको धार्मिक सहअस्तित्वको अनुपम नमूना हो ।

कलात्मक मठमन्दिर, चैत्य, वहाल, वही, चोक र बस्ती जस्ता मूर्त सम्पदा क्षेत्रमा शास्त्रीय तथा तान्त्रिक विद्यामा आधारित नृत्य, नाटक तथा बादन, मौलिक भेषभुषा र श्रृङ्गारले सुसज्जित प्रस्तुति र प्रदर्शनीबाट सिर्जित अवस्था उल्लासमय तथा उत्सवमय हुन्छ । जीवित देवी श्री कुमारी, श्री गणेश र श्री भैरवको रथयात्रा जात्राका पर्याय हुन् । युनेस्कोले जात्राका यी पक्षलाई अमूर्त सांस्कृतिक सम्पदाको अभिन्न अङ्गका रूपमा मान्यता दिएको छ ।

देवता र मानवको आपसी भौतिक सम्वन्ध हुने समयदेखि जात्रा थालिएको मान्यता छ । समय परिवर्तनसँगै जात्राका केही आयाममा परिवर्तन आएका छन् । सहरीकरणको वृद्धिले हनुमानढोका, वसन्तपुर क्षेत्रको स्वरुप नै परिवर्तन भएको छ । सूचना सञ्चार तथा सञ्चार प्रविधिले मानिसहरुका सोच र आवश्यकता फेरिएका छन् । यो परिवर्तनका बिच पनि जात्राको मौलिकतालाई उस्ताको उस्तै प्रदर्शन गर्नमा गुठी परम्परामा आधारित मौलिक चलनका कारण सम्भव भएको हो । पूर्वजको ज्ञान र सिप पुस्ताहरुमा हस्तान्तरण गर्दै जानु अनुकरणीय काम हो ।

मौलिकता र परम्परासँग जोडिएका यस्ता कामलाई रचनात्मक उद्योगका रुपमा विकास गर्न काठमाडौं महानगरपालिकाले काम गरिरहेको छ । सन् २०२३ (२०८० कार्तिक १४ गते) युनेस्कोले काठमाडौं महानगरपालिकालाई चलचित्र विधामा रचनात्मक सहरका रुपमा चयन गऱ्यो । यसपछि महानगरपालिकाभित्रका कला, साहित्य र सिर्जनालाई रचनात्मक उद्यमका रुपमा विकास सम्भावनालाई काठमाडौं महानगरपालिकाले उच्च प्राथमिकता दिएको छ । यसै क्रममा सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक र सामाजिक सम्बन्ध सेतु येँःया (इन्द्रजात्रा) युवाको दृष्टिमा कस्तो छ ? श्रव्यदृश्य सामाग्रीको स्वरुपमा बुझ्नका लागि प्रतिस्पर्धात्मक यो अवधारणा अगाडि सारिएको हो ।

१. **लक्ष्य**

युवाहरुका दृष्टिमा मूर्त अमूर्त सम्पदाको महत्वको जानकारी लिएर यसको संरक्षण र प्रवर्धनमा पृष्ठपोषण प्राप्त गर्ने यो कार्यक्रमको लक्ष्य हो ।

२. **उद्देश्य**

सम्पदाको जीवन्ततासँग सम्बन्धित मौलिक श्रव्यदृश्य प्राप्त गर्ने, यसरी प्राप्त भएका सामग्रीहरुलाई मिडिया परियोजना सञ्चालनसँग अन्तरसम्बन्धित बनाउने, जात्रासँग सम्बन्धित क्रियाकलापहरुको दस्तावेज निर्माणमा युवाहरुलाई सहभागी गराउने यसको उद्देश्य रहेको छ ।

३. **आयोजक**

यो प्रतिस्पर्धाको आयोजक काठमाडौं महानगरपालिका रहेको छ । यसका लागि प्राविधिक सहयोग युनेस्को नेपालबाट प्राप्त हुनेछ ।

४. **प्रतिस्पर्धीको योग्यता**

तोकिएको ढाँचामा कथा निर्माण गर्न सक्ने, दृश्य संकलन गरेर सम्पादन गर्न सक्ने १६ वर्षदेखि ४० वर्ष उमेर समूहका नेपाली नागरिक च्यालेञ्ज १ र २ का लागि योग्य हुनेछन् । च्यालेञ्ज ३ का लागि भिडियो उत्पादन गर्न सक्ने जोकोहीले पनि सहभागिता जनाउन सक्नुहुनेछ ।

५. क) **च्यालेञ्जका विषय**

च्यालेञ्ज १) नेपाली युवाका दृष्टिमा येँःया (इन्द्रजात्रा)
च्यालेञ्ज २) नेपाली युवाका दृष्टिमा येँःया (इन्द्रजात्रा) विगतसँग तुलना
च्यालेञ्ज ३) येँःया (इन्द्रजात्रा)मा मैले भेटेको अविष्मरणीय क्षण

ख) **सर्त तथा दायित्वहरु**

अ) **विषय/कथा**

कथा (न्यारेसन)मा जात्राका प्रमाणिक विषय हुनु पर्नेछ । जनश्रुति, किंवदन्ती र लोककथन समावेश गर्न सकिनेछ । तर, कल्पना र भावनाका कुरा राख्न पाइनेछैन । जात्राका कुनै क्षण, अवस्था, क्रियाकलाप, विधि तथा समग्र कथालाई सिर्जनात्मक प्रस्तुति दिनुपर्नेछ ।

सामग्रीको विषय बस्तुमा परम्परागत पक्ष, जात्राको तयारी, समुदायको सहभागिता, खाना, जात्रा सञ्चालन तथा जात्रा पश्चातका क्रियाकलाप समावेश गर्न सकिनेछ । यसमा सीमा र वाध्यकारी अवस्था तोकिएको छैन । प्रस्तुतिमा जात्राको सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक विषयमा ज्ञान भएका, परिवर्तनको महसुस गरेका, जात्रा सञ्चालनमा भूमिका निर्वाह गरेका व्यक्ति तथा परिवार, जात्रा सञ्चालनमा भूमिका भएका सरकारी कार्यालयका अधिकारीहरुसँगको अन्तर्वार्ता राख्न सकिनेछ ।

आ) **सहभागी हुन पाउने योग्यता**

क) सहभागी नेपाली नागरिक हुनुपर्नेछ

ख) च्यालेञ्ज १ र २ का लागि १६ वर्षदेखि ४० वर्ष उमेर समूहका नेपाली नागरिक जसले पनि भाग लिन पाउनुहुनेछ ।

ग) व्यक्तिगत रुपमा वा संस्थागत रुपमा दुवै विधिबाट प्रतिस्पर्धामा भाग लिन सकिनेछ ।

घ) व्यक्तिगत रुपमा सहभागी हुनेले संस्थागत रुपमा वा संस्थागत रुपमा सहभागी हुनेले व्यक्तिगत रुपमा सहभागी हुन पाइनेछैन ।

ङ) एक व्यक्ति वा संस्थाले ३ वटै प्रतिस्पर्धामा सहभागिता जनाउन सक्नेछन् ।

इ) **फुटेज (दृश्य)**

च्यालेञ्ज १ र ३ मा नेपाल संवत् ११४५, वि. सं. २०८२ र इ. सं. २०२५ मा खिचिएका यें:या (इन्द्रजात्रा) सँग सम्बन्धित फुटेज मात्र प्रयोग गर्न सकिनेछ । च्यालेञ्ज २ मा अहिलेको अवस्थालाई विगतसँग तुलना गर्न विगतमा खिचिएका दृश्य तथा तस्विर प्रयोग गर्न सकिनेछ ।

धार्मिक, सांस्कृतिक तथा सामाजिक रुपमा दृश्य कैद गर्न निषेध गरिएका स्थानहरुको भिडियो लिन पाइनेछैन । दृश्य संकलन गर्दाका आवश्यकताहरु ( साधन, सामान तथा उपकरण र खाना, खाजाजस्ता व्यवस्थापकीय पक्ष) आफैंले दायित्व लिनुपर्नेछ । आफ्ना साधन, सामान तथा उपकरणको सुरक्षाको व्यवस्था आफैंले गर्नुपर्नेछ ।

ई) **भिडियोको गुणस्तर**

भिडियो एमपीफोर (MP4) अथवा एमओभी (क्वीक टाइम मुभी- MOV) फरम्याटमा 16:9 Ratio वा 9:16 Ratio मा न्यूनतम 1080 Resolution मा हुनु पर्नेछ ।

उ) **अवधि**

च्यालेञ्ज १ र २ का लागि न्यूनतम ३ मिनेटदेखि अधिकतम २० मिनेटसम्मको भिडियो सामग्री उत्पादन गर्न सकिनेछ । च्यालेञ्ज ३ का लागि १५ देखि २० सेकेण्डसम्मका भिडियो पेश गर्न सकिनेछ ।

ऊ) **भाषा र हाइलाइट्स**

भिडियो नेपाली भाषा वा स्थानीय भाषामा उत्पादन गर्न सकिनेछ । जुनसुकै भाषामा उत्पादन गरिएपछि अंग्रेजी भाषामा सब टाइटल दिनुपर्नेछ ।

रीतिरिवाज, संस्कार, समुदायको भूमिकालगायतका महत्वपूर्ण पक्षलाई हाइलाइट्सका रुपमा प्रस्तुत गर्नुपर्नेछ ।

ऋ) **प्रतिलिपि अधिकार** (सामग्री उत्पादनतर्फ)

सामग्री उत्पादन गर्दा तेस्रो पक्षको फुटेज वा अन्य सामग्री लिन पाइनेछैन । यस्तो दृश्य भेटिए प्रतिस्पर्धाका लागि स्वत: अयोग्य हुनेछ ।

ए) **प्रतिलिपि अधिकार** (पुरस्कृत सामग्रीतर्फ)

प्रतियोगिताबाट प्रथम, दोस्रो र तेस्रो स्थान हासिल गरेर नगदसहित पुरस्कार प्राप्त गर्ने भिडियो सार्वजनिक गर्ने सहित सम्पूर्ण प्रतिलिपि अधिकार काठमाडौं महानगरपालिकामा सुर्रक्षित हुनेछ ।

अन्य सामग्रीहरुको सार्वजनिकीकरण, प्रयोग वा पुन:प्रयोगमा आयोजकको कुनै दावी रहनेछैन ।

ऐ) **सामग्री पेश गर्नु पर्ने विधि र अवधि**

१) https://docs.google.com/forms/d/e/1FAIpQLSd781q1Jz4Uat3K1zEktLc0xU9sjFtBSL4RBkTztDWS27MQxA/viewform लिङ्क थिचेर आवेदन दिन सकिनेछ । आफूले सिर्जना गरेका भिडियोहरु ड्राइभमा ओरिजिनल कपी अपलोड गरेर त्यसको लिङ्क पठाउनु पर्नेछ ।

२) सेप्टेम्बर १७, २०२५ (असोज १, २०८२) सम्म आफूले उत्पादन गरेको सामग्री पठाइसक्नु पर्नेछ ।

ओ) **मूल्याङ्कन**

चलचित्र, लघुचलचित्र, वृत्तचित्र, म्युजिक भिडियो उत्पादन गर्ने व्यक्तिको पेशागत र व्यवसायिक हितका लागि काम गर्ने संघसंस्थाका प्रतिनिधिहरुमध्ये मनोनयन भएका निर्णायकबाट भिडियो मूल्याङ्कन गरिनेछ ।

मूल्याङ्कनका समयमा उत्पादक र पेश गर्ने व्यक्तिको पहिचान गोप्य राखिनेछ ।

औ) **पुरस्कार**

च्यालेन्जका ३ वटै विधामा प्रथम, द्वितीय र तृतीयलाई क्रमश: १ लाख रुपियाँ, ५० हजार रुपियाँ र २५ हजार रुपियाँसहित पुरस्कृत र सम्मानित गरिनेछ ।

सान्त्वाना स्थान प्राप्त गर्ने ३ वटै विधाका सहभागीलाई १० हजारका दरले सम्मानित गरिनेछ ।

६. **सम्पर्क तथा जानकारीका लागि**

विवेक वास्तोला, सहायक विज्ञ, सम्पर्क न. ९८४८०१८२१५ काठमाडौं महानगरपालिका
रविन राई, युनेस्को, ९८६११२३००८ r.rai@unesco.org